नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग

# यान्त्रिक कार्यालय

साँफेबगर, अछाम (हाल बुडर, डोटी)

# कार्यालयमा सुरक्षा सेवा करार गर्ने दरभाउ पत्र

दरभाउ पत्र दाताको

नाम :-

ठेगाना :-

फर्मको नाम :-

छाप:-

कार्यालय प्रमुख

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग

# यान्त्रिक कार्यालय, साँफेबगर, अछाम (हाल: बुडर, डोटी)

बिषय :- करारमा सेवा उपलव्ध गर्ने दरभाउ पत्र (मासिक)

दरभाउ पत्र फाराम शुल्क रु : १,०००।००

| सि. नं . | करारवाट गर्नु पर्ने कार्य विवरण | श्रम ऐन बमोजिम श्रमिकको सेवा सुविधा सहित कार्यालयले तोकेको न्यूनतम प्रति व्यक्ति मासिक पारिश्रमिक (मु.अ.कर बाहेक) | जम्मा | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | संख्या | कवोल रकम प्रति व्यक्ति (मू.अ.कर बाहेक) (मासिक) रु. | जम्मा कवोल रकम (मू.अ.कर बाहेक) (मासिक) रु. | |
| १ | चल अचल सम्पतिको सुरक्षा गर्ने कार्यमा चौविसै घण्टा पालोपहरा गर्ने कार्य (३(तिन) जना सुरक्षा गार्ड) | २२०२६।७३ | ३ (तिन) जना | | | |
| मु.अ. कर १३% रु. | | | | | | |
| कुल जम्मा मासिक (भ्याट सहित) रु. | | | | | | |
| कुल जम्मा मासिक अक्षरुपी (भ्याट सहित) रु:- | | | | | | |

नोट :-

१. श्रम ऐन तथा नियमावली बमोजिम तोकिएको श्रमिकको सेवा सुविधा सहित पाउने न्यूनतम मासिक पारिश्रमिक (प्रति जवान/व्यक्ति मासिक न्यूनतम रु. २२०२६।७३) भन्दा कम वा सूचनामा उल्लेख भए बमोजिम कार्यालयले तोकेको अधिकतम लागत अनुमान (सम्झौता लागु हुने मिति देखि २०८२ असार मसान्त सम्म) भन्दा वढी कबोल गरेमा दरभाउपत्र स्वतः अस्वीकृत गरिने छ।

२. वोल कवोल गरेको रकम अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

३. पालन गर्नु पर्ने शर्तहरु निम्न बमोजिम संलग्न छन्।

४. दरभाउ पत्र साथ फर्म वा कम्पनि दर्ता प्रमाणपत्र, इजाजत प्रमाणपत्र, मूल्य अभिवृदि कर दर्ता एवं कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि लगायत सुरक्षा सेवा प्रदायकको लागि आवश्यक अन्य कागजात संलग्न हुनुपर्ने छ।

५. दरभाउपत्र दाताले कवोल गरेको मासिक अंक वाटै अन्य लाग्ने कर तिर्नु पर्ने छ।

**दरभाउ जारी गर्ने कार्यायलको**

**दस्तखत :-**

**मिति :**

**दरभाउपत्र दाताको**

फर्मको नाम :-

प्रोप्राईटरको नाम :- धरौटी रकम :-

फर्म दर्ता नं .:-

मुल्य अभिवृद्धि कर दर्ता नं . :-

ठेगाना :- फर्मको छाप:-

टेलिफोन नम्बर:-

कार्यालय प्रमुख

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
यान्त्रिक कार्यालय, सँफिबगर अछाम (हाल बुडर, डोटी)

बिषय : यान्त्रिक कार्यालयमा करार सेवा प्रदान गर्ने पक्षले पालन गर्नु पर्ने शर्तहरु ।

१. करार सेवा सम्फौता सम्झौतामा उल्लेख भएको मिति देखि २०८२ असार मसान्त सम्मको लागि लागु हुने छ ।
२. सुरक्षागार्ड सेवा प्रदान गर्ने सहमती पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपले पेश गर्नु पर्ने छ ।
३. स्वीकृत भएको दरभाउ पत्रको सम्वन्धित दरभाउपत्र दाताले करार सम्फौता गर्न आउदा रु.२५०००.०० ( अक्षरुपी पच्चिस हजार मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय, धनगढी, कैलालीको नाममा रा.बा.बैंक धनगढी शाखामा रहेको ४१७०१००१०२०३०००० धरौटी खातामा यस कार्यालयको कोड नं.३३७०१७७०६ मा नगदै जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ । उक्त धरौटी रकम प्रयोजन समाप्त भए पछि नियमानुसार फिर्ता गरिनेछ । तर करार सुरक्षा सेवा प्रदान गर्ने पक्षले कार्यालयको काम कारबाहीमा असर पर्ने गरि सेवा अवरुद्ध गरेमा वा बेवास्ता गरि करार भंग गरेमा धरौटी जफत गरिने छ ।
४. करार सेवामा गर्नु पर्ने कार्यको विवरण यस प्रकार छ ।
   (क) कार्यालयको कम्पाउण्ड एवं आवास क्षेत्र भित्र चलअचल सम्पतिको सुरक्षा गर्ने कार्यमा विदाको दिनमा समेत चौबिसै घण्टा पालो पहरा गर्ने तथा कार्यालय तथा आवासको उचित संरक्षण गर्नुपर्ने छ ।
   (ख) कार्यालय तथा आवास क्षेत्र भित्र सरकारी सम्पतिको चौबिसै घण्टा सुरक्षा प्रदान गर्नु पर्ने छ, कथंकदाचित उक्त कार्य गर्न खटिएको व्यक्ति बिरामी परेमा आफ्नो संस्थामा रिपोर्ट गर्नु पर्ने छ । संस्थाले पनि तुरुन्तै निजको स्थानमा अर्को व्यक्ति खटाउनु पर्ने छ ।
५. कार्यालय समय बाहेक कुनै व्यक्तिलाई उक्त कार्यमा खटिएका व्यक्तिले कार्यालयको स्वीकृति बेगर कार्यालय वा कम्पाउण्ड क्षेत्र भित्र प्रवेश गर्न निषेध गर्नु पर्नेछ ।
६. दैवी प्रकोप (आगलागी, भुकम्प आदी) जस्ता आकस्मिक घटनाहरुबाट हुने हानी नोक्सानी बाहेक करार सेवा मा कार्यरत व्यक्तिले भए गरेको लापरबाहीबाट कार्यालयको चल अचल सम्पति हानी नोक्सानी हुन गएमा कार्यालयले मुल्यांकन गरे अनुसार क्षतिपुर्ति वापतको रकम करार सेवा उपलब्ध गराउने व्यक्तिले वा संस्थाबाट कानुन बमोजिम असुल उपर गरिनेछ ।
७. कार्यालयको कम्पाउण्ड भित्र कुनै किसिमको घटनाहरु घटेमा सुरक्षा गार्डले सम्वन्धित निकायमा तत्काले रिपोर्ट गर्नु पर्नेछ । निजले घटनाको प्रकृति हेरी आवश्यकतानुसार स्थानिय प्रहरी, वारुणयन्त्र आदिलाई खवर गर्नु पर्नेछ ।
   (क) कार्यालय समय भित्र वा सो पछि कुनै घटना घटेमा वा कुनै व्यक्तिको चालचलन वा कुनै सामान उपर शंका लागेमा तत्कालै कार्यालय प्रमुख वा आधिकारिक कर्मचारीलाई टेलिफोन वा अन्य छिटो माध्यम द्वारा जानकारी गराउनु पर्नेछ ।
   (ख) घटना बारे लिखित जानकारी कार्यालय खुल्ना साथ कार्यालय प्रमुख वा अधिकृत समक्ष तरुन्तै पेश गर्नु पर्नेछ ।
८. कार्यालयलाई सुरक्षा गार्डहरुले प्रदान गरेको सेवा सन्तोषजनक हुनु पर्नेछ । सो सेवा सन्तोषजनक नदेखिएमा सो को जानकारी कार्यालयबाट बोलपत्रदाता लाई यथासिघ्र दिइने छ । बोलपत्रदाताले सो सम्बन्धमा १५ दिनभित्र सो मा सुधार गर्नु पर्ने र सो समयभित्र पनि सुधार नगरेमा कार्यालयले १ महिनाको अग्रीम सूचना दिई करार रद्ध गरी धरौटी जफत गर्न सक्नेछ । त्यसै गरि बोलपत्रदाताले करार सेवा दिन नसक्ने भएमा ३ महिनाको अग्रिम जानकारी गराउनु पर्नेछ र सो को आधारमा कार्यालयले धरौटी जफत गरी करार रद्ध गरी अर्को व्यवस्था गर्न सक्नेछ ।
९. यस सेवा शर्तमा उल्लेख भए गरेको शर्तहरु उपर कुनै विवाद उठ्न गएमा दुवै पक्षको वार्ताको माध्यमबाट बिबाद समाधान गरिने छ । समाधान हुन नसके सडक बिभाग, यान्त्रिक महाशाखा वा सडक विभाग, बबरमहलको निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।
१०. करार सेवामा बोलपत्रदाताले देहायका मानिसहरु खटाउने छैन ।
   (क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएको र
   (ख) भविष्यमा सरकारी नोकरीको निम्ति अयोग्य ठहरिने गरी बर्खास्त भएको ।

कार्यालय प्रमुख

११. करार सेवाको कार्य सन्तोषजनक भएमा/देखिएमा कार्यालयले उक्त कार्यको म्याद समाप्त भए पछि दुवै पक्षको सहमतिमा (आ.व.२०८२/८३ मा बजेट सुनिश्चितता भएमा) पुनः एक आर्थिक वर्षको लागि करार सेवा नविकरण गर्न सकिने छ।

१२. कार्यालयको निति नियम अनुसार बेलाबखत दिईने निर्देशनहरुको पालना गर्नु पर्नेछ।

१३. करार सेवाको म्याद समाप्त हुने बेला सम्म पनि नयाँ सुरक्षाको व्यवस्था नभएमा (आ.व.२०८२/८३ मा बजेट सुनिश्चितता भएमा) म्याद समाप्त भएको मितिले कम्तीमा ३ महिना सम्म साविककै दररेटमा सुरक्षा कार्य प्रदान गर्नु पर्ने छ।

१४. ड्युटीमा रहेका सुरक्षा गार्डले प्रत्येक घण्टा घण्टामा घण्टी बजाउनु पर्ने छ।

१५. सुरक्षा गार्डहरु सेवा प्रदायकको लोगो लगायतका स्पष्ट चिन्ह देखिने नेम प्लेट सहित पोषाकमा खटिएको/खटाइएको हुनुपर्नेछ।

१६. सुरक्षा गार्डहरुको लागि चाहिने आवश्यक सामानहरु बोलपत्रदाताले नै व्यवस्था गर्नुपर्ने छ।

१७. यसमा उल्लेख नभएका शर्तहरु नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम हुने छ।

१८. दरभाउ पत्रदाताले कार्यरत सुरक्षाकर्मीहरुलाई नियमानुसार भुक्तानी गरेको व्यहोरा कार्यालयमा बिल बिजक सहित पेश नगरेको खण्डमा दरभाउ पत्र दाता (सुरक्षा सेवा प्रदायक निकायलाई) भुक्तानी गर्न कार्यालय बाध्य हुने छैन।

१९. सम्झौताको बखत सेवा प्रदायक/दरभाउ पत्र दाता/श्रम आपुर्तिकर्ताले श्रमिक (सुरक्षा गार्डहरुको नाम थर, नागरिकताको प्रतिलिपी लगायत)को कार्यालयलाई आवश्यक विवरण कार्यालयमा पेश गर्नुपर्नेछ। श्रमिक/सुरक्षा गार्ड परिवर्तन गर्नुपरेमा सेवा प्रदायक/ श्रम आपुर्तिकर्ता ले कार्यालयमा अनिवार्य जानकारी गराउनुपर्नेछ।

२०. कार्यालय स्थानान्तरण भएको खण्डमा स्थानान्तरण भएको ठाउँमा उल्लेखित सेवा प्रदायकले सुरक्षा सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

२१. सुरक्षा गार्ड आपुर्तीकर्ताले (दरभाउपत्रदाताले) प्रचलित श्रम ऐन र नियमावली बमोजिम नै कार्य गर्नुपर्ने छ। सो बमोजिम नगरेको प्रमाण कार्यालयमा प्राप्त भएको खण्डमा तत्कालै करार सेवा रद्ध गरि प्रचलित कारबाही अगाडी बढाइनेछ।

२२. दरभाउ पत्रदाता (सेक्युरिटि गार्ड आपुर्ति इजाजत प्राप्त फर्म) ले दरभाउ पत्रको सम्पूर्ण पानामा छाप लगाई दस्तखत गरेको हुनु पर्नेछ। दरभाउ पत्रदाताको तर्फबाट अख्तियारी लिइ दरभाउ पत्र पेश गर्दा समेत सेक्युरिटि गार्ड आपुर्ति इजाजत प्राप्त फर्मकै छाप प्रयोग गर्नुपर्नेछ र भुक्तानी समेत सोहि फर्मलाइ गरिनेछ।

२३. दरभाउपत्र पेश गर्दा सम्पूर्ण कागजात (राजश्व जम्मा रशिद र धरौटी भौचर समेत) खाममा सिलबन्दी गरि (लाहा छाप लगाई) पेश गर्नुपर्ने छ। सिलबन्दी नगरि पेश गरिएको दरभाउपत्र छनौट प्रकृयामा समावेश गरिने छैन।

दरभाउपत्र दाताको

| | |
|---|---|
| दस्तखत :- | फर्मको नाम : |
| प्रोप्राईटरको नाम : | फर्म दर्ता नं : |
| मिति :- | मूल्य अभिबृद्धि कर दर्ता नं : |
| छाप:- | |

कार्यालय प्रमुख

छनौटको मापदण्ड:-

१. श्रम ऐन तथा नियमावली बमोजिम तोकिएको श्रमिकको सेवा सुविधा सहित पाउने न्यूनतम मासिक पारिश्रमिक (प्रति जवान/व्यक्ति मासिक न्यूनतम रु. २२०२६.७३) भन्दा कम वा सूचनामा उल्लेख भए बमोजिम कार्यालयको लागत अनुमान (२०८१ असोज ०१ वा सम्झौता मिति देखि २०८२ असार मसान्त सम्मको लागि) भन्दा बढी कबोल गरेमा दरभाउपत्र स्वतः अस्वीकृत गरिने छ।

२. बुँदा नं. १ पालना गरेको, सार्वजनिक खरिद ऐन २०६३ र सार्वजिक खरिद नियमावली २०६४ बमोजिम मूल्यांकित र आवश्यक कागजातहरु पेश गरेको दरभाउ पत्र हरु मध्ये न्यूनतम मूल्यांकित दरभाउ पत्र छनौट हुनेछ।

३. सारभुत रूपमा प्रभावग्राही दुई वा दुई भन्दा बढी सेवा प्रदायक (सेक्युरिटि गार्ड आपुर्ति इजाजतप्राप्त फर्म, कम्पनी वा संस्था) बाट पेश भएका दरभाउ पत्रको कबोल रकम (न्यूनतम मूल्यांकित) एकै भएमा निम्न बमोजिमको आधारहरूबाट प्राप्त अंकभारहरूको जोडबाट सबैभन्दा बढी अंकभार ल्याउने दरभाउ पत्र दरभाउ पत्र छनौट गरिनेछ।

गोलाप्रथाको विधि:-

१. गोलाप्रथा विधि संचालन गर्नको लागि यस कार्यालयबाट ३(तीन) सदस्यको एक समिति (गोलाप्रथा छनौट समिति) गठन गरिनेछ।

२. श्री जिल्ला प्रशासन कार्यालय, डोटी वा श्री जिल्ला प्रशासन कार्यालय, कैलाली मध्ये कुनै एक कार्यालयबाट (सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा कर्मचारीको उपलब्धता र सहजता अनुसार) र श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, कैलाली (आर्थिक कार्यक्षेत्रको हिसाबले) को प्रतिनिधि कर्मचारी माग गरि गोलाप्रथा विधिबाट छनौट गर्ने प्रकृयामा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ।

३. दुई वा दुई भन्दा बढी न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही दरभाउ पत्रमा एउटै (बराबर) रकम प्रस्ताव गर्ने सेवा प्रदायक (सेक्युरिटि गार्ड आपुर्ति इजाजतप्राप्त फर्म, कम्पनी वा संस्था) हरुको नाम छुट्टाछुट्टै सादा पाना (*__A4 size Paper__*) मा लेखि निजहरुको नाम नदेखिने गरि राम्रो सँग पट्यायर बाहिर बाट केही नदेखिने माथि मुख खाली भएको र अन्य सबैतिरबाट बन्द भाँडो (डब्बा वा अन्य त्यस्तै प्रकारको आकार भएको वस्तु) भित्र राखिने छ।

४. उक्त भाँडोको मुख बन्द गरि राम्रो सँग (३० सेकेन्ड) हल्लाएर भाँडोलाई मुख माथि फर्केको अवस्थामा राखिनेछ।

५. जिल्ला प्रशासन कार्यालयबाट आमन्त्रित सदस्य वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट खटिएको प्रतिनिधि मार्फत उक्त भाँडोको मुख खोली १ (एक) वटा पट्याइएको पाना (*__A4 size Paper__*) निकालिनेछ।

६. निकालिएको पानामा नाम उल्लेख भएको सेवा प्रदायक (सेक्युरिटि गार्ड आपुर्ति इजाजतप्राप्त फर्म, कम्पनी वा संस्था) लाई नै सेवा खरिदको लागि छनौट गरिनेछ।

दरभाउ पत्र दाता **(फर्म)** को नाम :-

**दस्तखत** :-

छाप:-

नेपाल सरकार शैक्षिक पूर्वाधार तथा बालबालिका ... यान्त्रिक कार्यालय ... धनगढी

कार्यालय प्रमुख